थाहानगरमा कैलाश गाउँपालिकाको सिकाई भ्रमण। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, ● अंक-०२ ● २०७९ साउन ०९ गते सोमबार, ● 25 July 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## मकवानपुर जिल्ला सभा आगामी साउन २५ हुने

◆ विकास संवाददाता

मकवानपुर जिल्लाको आठौं जिल्ला सभा आगामी साउन २५ गते आयोजना हुने भएको छ। जिल्ला समन्वय समिति (जिसस) मकवानपुरको ८ साउनमा बसेको ८९औं बोर्ड बैठकले आठौं जिल्लासभा आगामी साउन २५ गते आयोजना गर्ने निर्णय गरेको हो।

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललित बहादुर घलानको अध्यक्षतामा बसेको बैठकले आगामी साउन २५ गते जिल्ला सभा आयोजना गर्ने निर्णय गरेको हो। बैठकले साउन २५ गते आयोजना हुने जिल्ला सभाको तयारी गर्न कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरेको प्रमुख घलानले बताए। जिससको वार्षिक कार्यक्रम अन्तर्गत जिल्ला सभा आयोजना गर्न लागिएको प्रमुख घलानले बताए।

नेपालको संविधान २०७२ को धारा २२० को उपधारा (७) मा उल्लेखित काम कर्तव्य र अधिकार अनुसार जिल्ला सभा गर्ने प्रवधान रहेको र सोहि अनुसार जिल्ला सभा आयोजना गर्न लागिएको उनले जानकारी दिए। जिल्ला सभामा जिल्ला समन्वय समिति मकवानपुरको नीति कार्यक्रम तथा जिससको चालु आर्थिक वर्षको बजेट पारित गरिने उनले बताए।

त्यस्तै बैठकले जिल्ला समन्वय समितिका सदस्यहरूको कार्यक्षेत्र बाँडफाँड समेत गरेको छ। स्थानीय तहहरूसंग समन्वय र सहजिकरणका लागि सदस्यहरूको कार्यक्षेत्र बाँडफाँड गरेको प्रमुख घलानले बताए। बैठकले जिसस सदस्य खड्क बहादुर पुलामीलाई बागमती र बकैया गाउँपालिका, सुवर्ण गोपालीलाई थाहा नगरपालिका र ईन्द्रसरोवर गाउँपालिका, तारा ढुंगानालाई हेटौंडा उपमहानगरपालिका, विरेन्द्र कुमार लामालाई राक्सिराङ गाउँपालिका, विष्णुमाया थपलियालाई मकवानपुरगढी गाउँपालिका, सुनिता (दर्नाल) परियार लाई मनहरी गाउँपालिका, सुमित्रा थिङलाई भीमफेदी र कैलाश गाउँपालिकाको जिम्मेवारी दिईएको प्रमुख घलानले बताए।

त्यस्तै बैठकले मकवानपुरका स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको सम्पर्क नम्बरसहितको स्थानीय सम्पर्क डायरी प्रकाशन गर्ने निर्णय गरेको प्रमुख घलानले जानकारी दिए।

# "सूचना देखाउने, बिजुली लुकाउने"

विकास संवाददाता
थाहानगर

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले ११ के.भी.को विद्युत लाईन मर्मत गर्ने भन्दै विद्युत आपूर्तिमा नियमित अवरोध गर्न थालेको ३ महिना पूरा भएको छ। प्राधिकरणले मकवानपुरको थाहा नगरपालिका, इन्द्रसरोवर र कैलाश गाउँपालिका क्षेत्रमा विद्युत अवरूद्ध गर्ने गरेको हो। मकवानपुरको कुलेखानी धोर्सिङदेखि इन्द्रसरोवर गाउँपालिकाको ड्यामसाइड (स्वीचिङ स्टेशन) सम्म र ड्याम साइडदेखि कोगटेखोला सिस्नेरीसम्म ११ के.भी. लाइन निर्माण तथा मर्मत सुधार कार्य गर्न भनेर लाइन अवरूद्ध गर्ने सम्बन्धी प्राधिकरण पालुङले पहिलोपटक २ वैशाखमा आधिकारिक सूचना जारी गरेको थियो।




आधारिकारिक सूचना जारी नगरी पटक-पटक विद्युत आपूर्तीमा अवरोध गरेपछि स्थानीय ग्राहकहरूले विरोध गरेका थिए। त्यसबेला प्राधिकरण पालुङले सरोकारवाला निकायहरूसंग छलफल तथा परामर्श गरेर विद्युत आपूर्तिमा हुने अवरोधको समय सार्वजनिक गरेको थियो। छलफलमा विभिन्न राजनीतिक दल, बैंक तथा वित्तीय संस्था, क्रसर व्यवसायी, संघसंस्थाका प्रतिनिधि लगायतको सहभागिता थियो।

प्राधिकरण पालुङले औपचारिक वा अनौपचारिक रूपमा विद्युत आपूर्तिमा भने अवरोध गर्दै आएको छ। वि.सं. २०६६/०६७ तिरबाट सवस्टेशन नभएको कारण देखाउँदै प्रत्येक साँझ १ देखि २ घण्टासम्म विद्युत आपूर्तिमा अवरोध गरेको थियो भने २०७९ वैशाख अघि बुस कटिङ र लोड नपुगेको भन्दै प्राधिकरण पालुङले दिनदिनै लाइन काट्ने गरेको थियो। अहिले प्राधिकरणले हप्तै पिच्छे सूचना देखाउने र विजुली लुकाउने गर्दै आएको छ। ग्राहकले नियमित विद्युत महशुल तिरेर सास्ती किन्नु परेको प्रतिक्रिया दिएका छन्।

पछिल्लो समयमा ११ के.भी. लाईनमा रहेको कण्डक्टर अपग्रेडिङ कार्य गर्न भन्दै विद्युत लाइन अवरूद्ध गरिरहेको छ। उत्तरी मकवानपुरको इन्द्रसरोवर, थाहानगर र कैलाश गाउँपालिका क्षेत्रमा सार्वजनिक विदामा दिनभर लाईन जाने सूचना प्राधिकरणको क्यालेण्डर झै भएको छ।

प्राधिकरण भन्छ-'धोर्सिङदेखि मार्खुसम्मको लाईनमा रहेको नाङ्गो तार हटाएर कालो तार राख्न काम शुरू गरेका छौं, ठेकेदारले कामै सक्देन के गरूँ ?' ठेकेदार कम्पनीले करिब २० किलोमीटर तार फेर्न ३ महिना वितिसक्दा पनि सकेको छैन।

प्राधिकरणले पहिलो पटक सूचना जारी गरी २०७९ वैशाख महिनाभर दिन भरजस्तै थाहानगरमा विद्युत आपूर्तिमा अवरोध गरेको थियो। त्यसयता प्रत्येक सार्वजनिक विदाका दिन विद्युत कटौती गर्दै आएको छ। त्यसोतः सार्वजनिक निकायको आर्थिक वर्ष समाप्तीको दिनमा समेत प्राधिकरणले सूचना प्रकाशन गरेर विद्युत कटौती गरेको छ। एकोहोरो निर्णयका आधारमा विद्युत कटौती गरिरहँदा इन्द्रसरोवर तथा थाहा नगरपालिका क्षेत्रका विद्युतमा आधारित साना ठूला उद्यमी तथा सञ्चार माध्यमहरू प्रत्येक्ष रूपमा पीडित भएका छन्।

शनिवार तथा सार्वजानिक विदाको दिन होटलमा दिनभर आन्तरिक र बाह्य पर्यटकले भरिने थाहा नगर र ईन्द्रसरोवर गाँउपालिकामा विद्युत लाईन अनियमित हुँदा ईन्टरनेट र कतिपय अवस्थामा फोन समेत संचालन नहुने भएपछि भित्रने पर्यटकहरू समेत मारमा परेका छन्। प्राधिकरणकै कारण थाहानगर भित्रने पर्यटकको संख्यामा समेत कमी आएको बताउँदै प्राधिकरणलाई सच्चिई ग्राहकमैत्री सुविधा दिन थाहा होटल एसोसियसनका अध्यक्ष शिवकुमार खत्रीले खबरदारी गरे।

विद्युत लाईन अनियमित हुँदा शैक्षिक संस्थामा पनि असर परिरहेको पालुङ मोडर्न स्कुलका प्रिन्सीपल मनोज रायमाझीले बताए। प्राधिकरणले ग्राहकमाथि हेलचेक्र्याइ र ज्यादती गरेको आरोप लगाउँदै तत्काल विद्युत नियमित नगरे संघर्षमा उत्रने रायमाझीको चेतावनी छ। उनले भने-'प्राधिकरणले आफ्नो सेवामा सुधार नल्याए, नागरिकको आक्रोसपछिको अवस्था सामना गर्न तयार हुनुपर्छ।'

थाहानगर तथा इन्द्रसरोवर र कैलाश गाउँपालिका क्षेत्रमा सामान्य हावाहुरीमा वा पानी पर्दा समेत विद्युत अवरोध हुने गरेको छ। कतिपय अवस्थामा प्राधिकरणले फेसबुकमा स्टाटस लेखेर समेत विद्युत कटौती गर्दै आएको छ।

प्राधिकरणले पहिलो पटक सूचना जारी गरी २०७९ वैशाख महिनाभर दिन भर जस्तै थाहानगरमा विद्युत आपूर्तिमा अवरोध गरेको थियो। त्यसयता प्रत्येक सार्वजनिक विदाका दिन विद्युत कटौती गर्दै आएको छ।

### 'ठेकेदारले कामै गरेन' पालुङ प्रमुख रास्कोटी

नेपाल विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रका प्रमुख विरमान रास्कोटीले ग्राहकको गुनासो सम्बोधन गर्न नसकिएको स्वीकार गरेका छन्। विद्युत लाईन मर्मतका लागि सम्झौता गरिएको ठेकेदार कम्प्नीसंग दक्ष जनशक्ती अभावमा समयमै काम नसकिएको बताए। त्यसोतः मर्मतका लागि सम्झौता गरिएको ठेकेदार कम्पनी विडारी कन्सटूक्शनसंग दक्ष जनशक्ती समेत नभएको रास्कोटीको प्रतिक्रिया छ।

लाइन मर्मत तथा विस्तारमा कतिपय ठाउँमा विवाद भएको र समाधानका लागि प्राधिकरणले समेत सहजीकरण गरिरहेको प्रमुख रास्कोटीले बताए। उनले भने-'अझै मार्खुसम्म ५ पटक र विवादित ठाँउमा काम गर्न ४ पटक सटडाउन गर्नु पर्न सक्छ, यद्यपी छिटो काम सक्न निर्माण कम्पनीलाई कार्यालयको तर्फबाट दबाब दिइ रहेका छौं।'

त्यसोतः लाईन तान्न विवाद भएको ठाँउमा विद्युत प्राधिकरण पालुङ वितरण केन्द्रले विवाद नमिलाउदा काम नसकिएको निर्माणको जिम्मा लिएको विडारी कन्स्ट्रक्सनको जवाफ छ।



# नेपालमा बेरूजुको अवस्था र सुधारका उपाय



टंकमणि शर्मा

संवैधानिक निकायमा बसिरहँदा धेरै कुराहरू आफैँले व्यवस्थापन गर्नुपर्ने हुन्छ। नेपालको संविधान नेपालको लेखापरीक्षकहरूलाई चाहिने जति अधिकार दिएको छ। अरू देशहरूमा दिएभन्दा पनि बढी अधिकार नेपाली अडिटरहरूलाई दिएको छ । लेखापरीक्षकलाई औचित्यको अधिकार दिएको छैन । त्यो नेपालमा मात्रै छ। ऐन नियम, मान्यता सबै पूरा गरेको छु काम भएको छ भने पनि त्यो गर्नुपर्ने थिएन, अहिले प्राथमिकता थिएन भन्न पाइन्छ ।

प्राकृतिक स्रोत साधनहरूमा, राजस्व तलमाथि हुन लाग्यो । पट्टा लाइसेन्स वा अनुमति दिनेमा केही हुन लाग्यो। त्यसमा रोक्न सकिन्छ। तर यति हुँदाहुँदै पनि यो भन्दा अगाडि महालेखाका कर्मचारीहरू बाहिर बसेर काम गर्नुपर्ने थियो। अहिले चार वर्ष लगाएर कार्यालय बनेको छ । कर्मचारी बस्न सहज भएको छ । लेखापरीक्षकलाई अन्तर्राष्ट्रिय प्रचलन अनुसार पनि तीन चारवटा कुरामा स्वायत्तता र स्वतन्त्रता हुनुपर्छ । हाम्रोमा संविधान अनुसार स्वतन्त्रता छ तर व्यवहार र प्रचलनमा स्वयत्तता र स्वतन्त्रताको कमी छ । नेपालको महालेखा परीक्षक कार्यालयमा नेपाल सरकारका कर्मचारीहरू रहेका छन् ।

यो नै ठूलो समस्या रहेको छ। लेखा प्रशासन र सञ्चालन नेपाल सरकारले गर्छ। हुनुपर्ने महालेखा परीक्षक कार्यालयबाट नै हो । लेखा परीक्षकहरूले अनुशासनभन्दा बाहिर गएर काम गर्दा कारबाहीको लागि अरूलाई गुहार्नुपर्छ भने राम्रो काम गर्नेलाई पनि महालेखाले दिन केही गर्न अवस्था छैन ।

सरकारी तथा विभिन्न संस्थान समितिहरूको लेखापरीक्षण महालेखाबाट हुने गर्छ । महालेखापरीक्षकको लेखा परीक्षण कसले गर्छ भन्ने प्रश्न धेरैतिर आउने गरेको छ । महालेखापरीक्षक कार्यालयको लेखापरीक्षण गर्ने छुट्टै निकाय छ । छुट्टै विभाग रहेको छ। संवैधानिक हेर्ने जुन विभाग छ। त्यो विभागको मान्छेले महालेखाको पनि लेखापरीक्षण गर्छ। महालेखापरीक्षक कार्यालयमा पनि बेरूजु देखिएको छ भने त्यो कुराहरू पनि बाहिर आउने गर्छ ।

महालेखापरीक्षक कार्यालयको चार वर्षको अन्तरालमा अन्तर्राष्ट्रिय स्तरमा नै महालेखापरीक्षकको मूल्याङ्कन गर्छ । सन् २०१४ मा भारतको कन्ट्रोलर जेनेरेटर अडिटर जेनेरल अफिसले हाम्रो मूल्याङ्कन गरेको थियो । अघिल्लो साल थाइल्याण्डको महालेखा परीक्षक कार्यालयले मूल्याङ्कन गरेको थियो ।

सरकारको कुनै एक कर्मचारीले आर्थिक र वित्तीय उत्तरदायित्वसम्बन्धि काम कस्तो छ उसको भनेर मूल्याङ्कन गर्न सकिन्छ । कुनै एक कर्मचारीको पाँच वर्षमा कहाँ बस्दा कस्तो काम गऱ्यो मूल्याङ्कन गर्न सकिन्छ। त्यो गरेर जानुपर्छ भन्ने लागेको छ। अहिले जति धेरै अनियमितता देखिएको छ। त्यो धेरै एकाउण्टमा काम गर्ने कर्मचारीहरूले बढी जिम्मेवारी बोध नगरेको कारण बेरूजु देखिएको हो। एकाउण्टले समयमा नै हिसाव किताव पेस नगर्ने, नमिलेको कुराहरू समयमा नै नमिलाउने र कागजपत्रहरू पेस नगर्ने भएको यस्तो पाएका छौँ ।

महालेखासँग कुरा भएको छ । कुन कर्मचारीले कसरी काम गऱ्यो भनेर रेखदेख गरिदिनुपर्छ भन्ने कुरा भएको छ । केही सिस्टमको समस्या पनि प्रमुख रहेको छ। १ लाख ५५ हजार मुद्दा मध्ये धेरै असुल गर्ने भन्दा पनि सिस्टमका रहेका छन् । वर्षान्तमा रकामान्तर गर्ने,वर्षातमा खर्च गर्ने र अर्थविधिमा र कम राखेर खर्च गर्ने प्रणाली सुधारको लागि एक दशकदेखि भनिएको छ तर भएको छैन। त्यसमा महालेखाले सुनिश्चितता गर्न सक्दैनौँ। आर्थिक वर्षको अन्त्यमा पैसा निकासा भएर खर्च भएको छ भने महालेखाले खर्च भयो वा भएन यकिन गर्न सक्दैन।

## बेरूजुको अवस्था :

अघिल्लो वर्ष आर्थिक वर्ष र २०७७/०७८ सालको सरकारको बेरूजु प्रतिशतमा कम रहेको देखिन्छ। तर अघिल्लो सालदेखि सरकारको वित्तीय नियमावलीमा फर्स्योट हुन बाँकी पेस्कीमध्ये म्याद ननाघेको पेस्की अथवा फर्स्योट हुन बाँकी रहेको पेस्कीलाई बेरूजु नमान्ने भनिएको छ। त्यो कारणले यो वर्ष अलि घटेको जस्तो देखिएको छ। तर पेस्कीसमेत जोड्यो भने उस्तै उस्तै रहेको छ।

अद्यावधिक बेरूजु अघिल्लो वर्ष ४ खर्ब १८ अर्ब ८५ करोड थियो। यस वर्ष फर्स्योट ५० अर्ब ८७ करोड भएछ। विगतको खुद बाँकी रहेको ३ खर्ब ६८ अर्ब ५४ करोड बाँकी रह्यो। अहिले १ खर्ब १५ अर्ब ५ करोड ५१ लाख यो साल थपिएको छ। यो थप समेत जोड्दा ४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाख अहिलेसम्मको जम्मा बेरूजु रहेको छ। २०६० सालपछि अर्थात् १८ वर्ष यताको सरकारी कार्यालयहरूको मात्रै हो। राजस्व बक्यौता सबै भन्दा ठूलो समस्या देखिएको छ। यसमा आन्तरिक र अन्य सबै प्रकारका राजस्वहरू छन्। त्यो हेर्दा २ खर्ब १५ अर्ब ५६ करोड अघिल्लो सालमा थियो। यो पटक यस्तो बक्यौता अझ बढ्दै गएको छ। ९७ करोड थपिएको छ । थप भएर ३ खर्ब १२ अर्ब ६५ करोड रूपैयाँ यो वर्ष बाँकी भयो। वैदेशिक अनुदान र ऋण गरेर करिव २४ अर्ब जति जसमा अनुदानतर्फ ११ अर्ब ५६ करोड ९८ लाख ऋणतर्फ १२ अर्ब ३६ करोड ९१ लाख रूपैयाँ रहेको छ।

म्याद नाघेको २ अर्ब बराबर रहेको छ। यो गरेर ३ खर्ब ४५ अर्ब ५६ करोड ३ लाख हुन्छ। अहिलेसम्मको जम्मा बेरूजु ४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाखमा ३ खर्ब ४५ अर्ब ५६ करोड ३ लाख जोड्दा राज्यले बक्यौता तिर्नुपर्ने रकम ८ खर्ब २९ अर्ब १५ करोड हुन्छ। अघिल्लो वर्षसम्म ६ खर्ब ७६ अर्ब हिसाव निकालेका थियौं। अहिले १ खर्ब ५३ अर्बले बढ्यो। यो बढ्नु भनेको बेरूजु बढ्यो र फर्स्योट ५० अर्ब मात्रै भयो। अर्थ मन्त्रालय अन्तर्गत नै ४० प्रतिशत बेरूजु रहेको छ। पुँजीगत खर्च बढी गर्ने मन्त्रालयहरूको १२ मन्त्रालयको मात्रै ९० प्रतिशत बेरूजु रहेको छ।

## बजेट खर्चमा समस्या

सरकारको २०७७/०७८ सालको सरकारी बजेट खर्च हेर्दा ८९ प्रतिशत भएको छ। पुँजीगत खर्च ६४.८४ प्रतिशत भएको छ । वित्तीय व्यवस्थापन साँवा ब्याज भुक्तानीतर्फ ७० प्रतिशत भएको छ। समग्रमा पुँजीगत खर्च ८१ प्रतिशत मात्रै भएको छ। बजेट अनुमान अनुसार हेर्दा ८१ प्रतिशत देखिन्छ। अन्य आर्थिक मामिलामा ६० प्रतिशतमात्रै खर्च भएको छ। अन्य सामाजिक सुरक्षामा ६५ प्रतिशत र स्वास्थ्यमा ४३ प्रतिशत मात्रै खर्च भएको छ।

हामीले १ लाख ५५ हजार विषयमा टिप्पणी गरेका छौं। १ लाख ५५ हजार विषयमा कैफियत देखिइएको छ। योमध्येमा देखिएको असुल गर्नुपर्ने रकम ३३ अर्ब ७४ करोड ७९ लाख भनेका छौं। लिएर ,खाएको,दिएको भनेकै ३३ अर्ब रहेछ त्यो २९ प्रतिशत हुन्छ। अर्को नियमित गर्नुपर्ने भनेको ६० प्रतिशत रहेको छ। ६९ अर्ब ६१ करोड ४३ लाख छ। पेस्की बाँकी १० प्रतिशत हुन्छ। १ खर्ब १५ अर्ब ५ करोड ५० लाखको कारोबारको जम्मा असुल गर्नुपर्ने २९ प्रतिशत,नियमित गर्ने ६० प्रतिशत र पेस्की बाँकी १० प्रतिशत रहेको छ। सबै भन्दा ठूलो समस्या नियमितमा रहेछ।

त्यो भनेको कारोबार गर्दा अनियमित भएको प्रमाण कागजहरू पेस नभएको जिम्मेवारी नलिएको जस्ता कुराहरू बेरूजुमा पर्छ। यसमा धेरै विषयहरू रहेका छन्। पहिलो स्रोत परिचालनमा समस्या रहेको छ। जसमा करको दायरा बिस्तार हुन सकेन,आयातमा निर्भर राजस्व रह्यो। राजस्व परिचालन न्यून र ह्यो। राजस्व चुहावट नियन्त्रण भएन। भन्सार बिन्दुमा नै मालवस्तुको मूल्याङ्कन भएन। राजस्व छुट भयो तर अनुगमन प्रणाली भएन। त्यस्तै वैदेशिक प्रतिवद्धता अनुसार लगानी सहायता भएन। प्रत्यक्ष वैदेशिक लगानी पनि बढ्न सकेन। स्रोत परिचालनमा यस्ता समस्या देखियो।

त्यसपछि योजना तर्जुमा र कार्यान्वयनमा समस्या देखियो। आयोजनाको प्राथमिकता छनोट राम्रो भएन। योजनाहरू समयमा नै सम्पन्न भएन। आयोजनाको मूल्याङ्कन र अनुगमन नतिजामुखी भएन। यस्ता विषयहरूमा बजेट तर्जुमा र कार्यान्वयनको सन्दर्भमा विकास निर्माण, सार्वजनिक सम्पत्ति, सार्वजनिक संस्थानहरू व्यवस्थापनको सन्दर्भमा र अर्थतन्त्रको समग्र विषयमा मूल्यवृद्धि सीमा भन्दा माथि गयो। आर्थिक वृद्धिदर न्यून रह्यो। विदेशी मुद्रा सञ्चिति घट्दै गयो। आयातको तुलनामा निर्यात बढ्न सकेन। कुल लगानी र राष्ट्रिय बचत बढ्न सकेन। आन्तरिक वैदेशिक ऋणको भार बढ्दै गयो। अनौपचारिक अर्थतन्त्र नियन्त्रण हुन सकेन।

*बाँकी पेज ३ मा*

# • सम्पादकीय •

## सुशासन भाषण होइन, व्यवहारमा मजबुद बनाऊ

मुलुकमा संघीयता कायृान्वयनसगै संघ, प्रदेश र स्थानीय तह कार्यानवयनमा छ । यि तीन तह कार्यान्वयनमा आएसगै यससंग जोडिएको सुशासनको बहस जहिल्यै जपिन्छ । वर्षौंदेखि यस्ता बहस हुन्छन् अन्ततः अर्थहीन हुन पुग्छन् । तर यो सत्य हो कि सुशासन कायम नभएसम्म कुनै पनि मुलुक आर्थिक, सामाजिक र न्यायिक दृष्टिकोणले सफल हुन सक्दैन । त्यसैले देश विकासका लागि सुशासन पहिलो खुड्किलो मात्र नभएर अपरिहार्य नै हो । तर, नेपालमा भने सुशासनको अवस्था अझै कमजोर देखिएको छ । स्थायी सरकार मानिने कर्मचारीको उच्च पदस्थ व्यक्तिहरूलाई जगेडामा राखेर कामविहीन गराउने प्रचलन लामो समयदेखि विद्यमान छ । यो सुशासनको बाधक हो । संसदीय लोकतन्त्रको स्थापनासँगै प्रधानमन्त्री निकै शक्तिशाली बनेका छन् । कार्यकारी प्रमुख भएकाले प्रधानमन्त्री मातहत विभिन्न समिति हुने र त्यसमा विशिष्ट विज्ञहरूलाई राख्ने गरिन्छ । तिनमा प्रधानमन्त्रीद्वारा नियुक्त विज्ञहरू र उच्च पदस्थ कर्मचारी हुन्छन् । मुलुक संघीयतामा गएसँगै संघीय सरकारको कार्यक्षेत्र निकै घटेको छ । यस्तोमा प्रधानमन्त्री सचिवालय निकै ठूलो बन्नु नपर्ने हो तर अवस्था त्यस्तो छैन । प्रधानमन्त्री वा मन्त्रीसँग कुरा नमिल्ने कर्मचारीलाई जगेडामा राख्ने गरिएको छ । प्रहरीका प्रमुखलाई समेत प्रधानमन्त्रीको सचिवालयमा तानेर राखेको पाइन्छ । अहिले अर्थमन्त्रीको सीसीटीभी फुटेजको विवाद प्रकरणमा अर्थसचिवलाई पनि प्रधानमन्त्रीको सचिवालयमा तानिएको छ । यसरी कर्मचारी उताउता गर्दा उनीहरूको विज्ञताको उपयोग हुन सकिरहेको छैन । साथै, कर्मचारीमा काम गर्ने उत्प्रेरणाभन्दा पनि जागीर जोगाउने मानसिकता पाइन्छ ।

स्थायी सरकार मानिने कर्मचारीतन्त्रमा राजनीतिक हस्तक्षेप हुँदा कतिबेला कता सरुवा हुने हो भन्ने त्रास हुन्छ । त्यसैले यो प्रवृत्ति सुशासनका लागि बाधक बनेको छ । सचिवहरू लामो अनुभवले खारिएका तथा विभिन्न तालीम लिएर विज्ञता प्राप्त गरेका व्यक्ति हुन् । तिनीहरूले विषयको गहन अध्ययन गरेका हुन्छन् वा जानकारी राखेका हुन्छन् भन्ने मानिन्छ । यस्ता अनुभवी कर्मचारीहरू मन्त्रालयका लागि निकै महत्त्वपूर्ण हुन्छन् । कर्मचारीतन्त्र नै सुशासनको आधार हो । राजनीतिक नेतृत्वलाई कतिपय अवस्थामा सही निर्णय गराउन पनि कर्मचारीतन्त्रसँग क्षमता हुन्छ । तर, नेपालमा कर्मचारीतन्त्रले यसरी काम गर्न सकेको छैन । यसो हुनुमा कर्मचारीतन्त्रकै कमजोरीका रूपमा चित्रण गर्ने गरिएको छ । हुन पनि कर्मचारीतन्त्र सही हुने हो भने सुशासनमा निकै सुधार आउन सक्थ्यो । यो तथ्य राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र दुवैले आत्मसात् गर्न जरुरी छ ।

पहिल्यैदेखिको एउटा कर्मचारीतन्त्रमा अपारको रोग छ । त्यो हो राजनीतिक नेतृत्व परिवर्तन हुनासाथ कर्मचारी सरुवा हुन्छ वा कर्मचारीहरूले बोली फेल्ने गर्छन् । अहिले कर्मचारीतन्त्र पनि राजनीतिक दर्शनका आधारमा निश्चित दलसँग नजिकिएको पाइन्छ । त्यसले गर्दा पनि सरकार परिवर्तनसँगै कर्मचारी सरुवा गर्नुपर्ने बाध्यता परेको देखिन्छ । नेपालको कर्मचारीतन्त्रको उत्पादकत्व ज्यादै कमजोर रहेको छ अर्थात् कार्यसम्पादन क्षमता कमजोर देखिन्छ । विकास निर्माणको बजेट खर्च हुन नसक्नु, सुशासन कायममा बाधा पुग्नुको कारण एउटा यो पनि हो । त्यसैले सुशासनका लागि बलियो, जिम्मेवार र छरितो कर्मचारीतन्त्र आवश्यक हुन्छ र यसको क्षमताको पूर्ण उपयोग गर्न राजनीतिक नेतृत्व पनि सचेत हुनैपर्छ । यसो गरेमात्र अपेक्षित प्रतिफल हासिल गर्न सकिन्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# एसईईपछि विषय छनोट कसरी गर्ने ?

एसईईको नतिजा आइसक्यो । अब कक्षा ११ मा कुन विषय पढ्ने भन्ने अन्योलमा विद्यार्थी छन् । विद्यार्थीसँगै अभिभावक पनि उत्तिकै दुविधामा छन् । आफ्नो रूचिको विषय के हो ? भविष्यमा यो विषय कति उपयोगी हुन्छ ? भन्ने विषयमा उनीहरूले परामर्श (काउन्सिलिङ) लिन आवश्यक हुन्छ ।

यसका लागि विज्ञको सल्लाह लिन सकिन्छ । तर केही कुरामा ध्यान दिने हो भने अभिभावक आफैंले पनि आफ्ना सन्तानको करिअर काउन्सलिङ गर्न सक्ने मनोविद् तथा करिअर परामर्शदाता डा. नरेन्द्र सिंह ठगुन्ना बताउँछन् ।

'प्रत्येक व्यक्तिको जन्मजात केही निश्चित योग्यता र गुण हुन्छ । सानै उमेरदेखि बच्चाले कुनै काम कति ध्यान दिएर गर्छ, त्यो काम गर्दा ऊ कति रमाउँछ भन्ने कुरालाई मात्रै पनि ख्याल गर्ने हो भने उसको रूचि पत्ता लगाउन सकिन्छ ।

अन्य देशमा कक्षा ९, ११ र विश्वविद्यालय जानुअघि स्कुल करिअर काउन्सिलरले विद्यार्थीको रूचि के विषयमा छ, वा उसले कुन विषयमा राम्रो गर्न सक्छ भनेर परामर्श दिने गरिन्छ । करिअर काउन्सलिङ गर्ने बेलामा सबैभन्दा पहिले आफ्नो बारेमा थाहा पाउनुपर्छ । परिवारले पनि बच्चाको बारेमा राम्ररी बुझ्नुपर्छ । यसमा चार कुरालाई विशेष ध्यान दिनुपर्ने ठगुन्नाा बताउँछन् । बच्चाको योग्यता, क्षमता, रूचि र प्रवृत्ति ।

'यी चार कुरालाई महत्व दिएर उसले पढ्ने विषय र उसको भविष्यको सल्लाह दिन सकियो भने विद्यार्थीको पढाइ राम्रो हुन्छ र उसको भविष्य पनि राम्रो हुन्छ,' ठगुन्ना भन्छन्, 'त्यसपछि भने हामीले विकल्पको बारेमा सोच्नुपर्ने हुन्छ । विकल्पको बारेमा सोच्ने भनेको मसँग क्षमता कति छ, अभिभावकले बच्चाको रूचि भएको विषय पढाउन सक्छन् कि सक्दैनन् ? कति लगानी गर्न सक्छन् भन्ने हो ।'

कुनै बच्चाको योग्यता, क्षमता र रूचिको परीक्षण गर्दा ऊ मेडिकल क्षेत्रमा राम्रो गर्न सक्ने छ भन्ने देखियो, तर सो विषय पठाउन सक्ने आर्थिक क्षमता परिवारको नहुन सक्छ । यसतर्फ पनि ख्याल गर्नुपर्ने ठगुन्ना बताउँछन् । 'त्यसैले विकल्पको बारेमा पनि सोच्नुपर्ने हुन्छ । यदि म डाक्टर पढ्न सक्दिन भने मेडिकल फिल्डमा डाक्टर बाहेक अरू के पढ्न सकिन्छ त ? नर्सिङ पढ्न सक्छ कि, ल्याब टेक्निसियन पढ्न सकिन्छ ? के पढ्न सकिन्छ त्यो बारेमा पनि थाहा पाउनुपर्छ,' उनी भन्छन् ।

यदि कसैले माइक्रोबायोलोजी पढ्न खोज्छ भने त्यो विषय एकदमै राम्रो हो । तर त्यो पढिसकेपछि नेपालमा काम पाउन भने गाह्रो छ । त्यसैले हामीले सिकेको सीप र ज्ञान कहाँ प्रयोग हुन्छ भन्ने कुरामा पनि ध्यान दिनुपर्ने उनी सुझाउँछन् ।

'नेपालमा करिअर काउन्सिलिङ गर्छौं भनेर थुप्रै इन्स्टिच्युट खुलेका छन् । उनीहरूले करिअर काउन्सिलिङको जुन मनोवैज्ञानिक विधि छ, त्यसलाई पछ्याएका छन् भने त एकदमै राम्रो हो,' ठगुन्ना भन्छन् 'करिअर काउन्सिलिङ भनेर केही क्षेत्रलाई मात्र महत्व दिइन्छ त्यो भने गलत हो । त्यसैले विज्ञको सल्लाह लिएर वा अभिभावक आफैंले पनि बच्चाको करिअर काउन्सिलिङ गर्न सक्छन् ।'

विद्यालय स्तर सकिएपछि अब के त भन्ने कुरामा विद्यालयले पनि बच्चाहरूलाई केही सहयोग गर्नुपर्ने हुन्छ । त्यसको लागि शिक्षकले पनि कुन बच्चा कस्तो छ र उसले कुन विषयमा राम्रो गर्न सक्छ भनेर अभिभावकलाई सहयोग गर्न सक्छन् ।

बच्चाको रूचि के विषयमा छ भन्ने कुरामा ध्यान नदिएर उसलाई आफूले चाहेको विषय पढाउन खोजियो भने उनीहरूले त्यो विषयमा राम्रो नतिजा नपाउन सक्छन् । त्यसैले किशोरकिशोरीमाथि आफ्नो इच्छा थोपर्ने भन्दा पनि उनीहरूको रूचिको विषय रोज्न दिनुपर्छ । बालबालिकाको लागि सबैभन्दा राम्रो विकल्प के हुन सक्छ त्यसमा अभिभावकले ध्यान दिनुपर्ने ठगुन्ना बताउँछन् ।

कक्षा १० सम्म विद्यार्थीले निश्चित पाठ्यक्रम पढेका हुन्छन् । तर कक्षा ११ मा पाठ्यक्रम र विषयमा विविधता हुन्छ । विभिन्न समूहबाट विषय छनोट गर्नुपर्ने भएकाले यसमा विद्यार्थीहरू अलमलिन सक्छन् । साथीले जे पढ्यो म पनि तै पढ्छु भन्न सक्छन् ।

### रूचि भएको विषय छनोट

कक्षा ११ मा गलत विषय छनोट गरियो भने त्यसले बालबालिकालाई धेरै हानी गर्न सक्छ । उनीहरूलाई गन्तव्यमा पुग्न धेरै समय लाग्न सक्छ वा गन्तव्यसम्म नपुग्न पनि सक्छन् । किशोरकिशोरीले रूचि नभएको विषय पढे भने भविष्यमा उनीहरूले गर्ने काममा पनि खुसी हुन सक्दैनन् । जसले उनीहरूको जीवनशैलीमा पनि प्रत्यक्ष असर गर्ने ठगुन्ना बताउँछन् ।

अहिलेका कक्षा ११ मा पढ्ने विद्यार्थीको उमेर १५-१६ वर्ष हुन्छ । त्यसैले केही हदसम्म उनीहरू आफैं पनि कुन विषय पढ्ने भन्ने निर्णय गर्न सक्ने हुन्छन् । त्यसैले बच्चा हो बच्चाले आफैं निर्णय गर्न सक्दैन भनेर अभिभावकले बेवास्ता गर्नु हुँदैन । उनीहरूको कुरा पनि सुनिदिनुपर्ने ठगुन्ना बताउँछन् ।

कतिपय किशोरकिशोरीलाई मेरो रूचि केमा हो भन्ने कुरा थाहा नहुन सक्छ । त्यस्ता बालबालिकालाई भने करिअर काउन्सिलरले रूचि थाहा पाउन सहयोग गर्न सक्छन् । जसले गर्दा उनीहरूलाई के पढ्ने भनेर निर्णय गर्न सजिलो हुन्छ । करिअर काउन्सिलिङले केही नयाँ कुरा गर्ने होइन । बच्चामा एको खुबीलाई चिनाउन सहयोग गर्ने मात्र हो ।

### क्षमता अनुसार स्कुल कलेज छनोट

कुन स्कुल वा कलेज रोज्ने भन्ने कुरा अर्को महत्वपूर्ण पक्ष हो । नेपालका प्रायः स्कुल-कलेज उस्तै उस्तै छन् । यो राम्रो, यो नराम्रो भन्ने नहुने ठगुन्नाको भनाइ छ । तर आफ्नो क्षमता र अभिभावकको आर्थिक हैसियत हेरेर स्कुल-कलेज छनोट गर्नुपर्छ ।

धेरै पैसा तिरेको स्कुलमा राम्रो पढाइ हुन्छ भन्ने भ्रममा पर्न नहुने ठगुन्नाको सुझाव छ । पाठ्यक्रम एउटै हुने भएकाले त्यसले दिने ज्ञानको सार एउटै हो । 'केही वर्षअघिसम्म अंकको आधारमा कुन विषय पढ्ने भन्ने कुरा थियो । तर अहिले ग्रेडिङ सिस्टम लागू भएपछि केही सहज भएको छ,' ठगुन्ना भन्छन्, 'यो ग्रेड आए यो पढ्ने भन्दा पनि रूचिको विषय पढ्ने कुरालाई जोड दिनुपर्छ ।'

एसईईपछि पढ्नका लागि धेरै विद्यार्थी गाउँबाट सहर आउँछन् । यसले अभिभावकको आर्थिक भार बढाएको हुन्छ । पढ्न मन लागेको विषय आफ्नै घरपायक भए सहर नै धाउनुपर्छ भन्ने नभएको ठगुन्ना बताउँछन् ।

'कुनै विषयमा लगन छ भने गाउँमै पढेर पनि त्यो विषयमा राम्रो नतिजा प्राप्त गर्न सकिन्छ, कहाँ पढेको भन्ने कुराले ठूलो असर गर्दैन,' उनी भन्छन् । सहरमा एक्लै बसेर भाडा तिर्ने र के खाने भन्ने तनाव लिएर पढ्नु भन्दा गाउँमै परिवारसँग बसेर पढ्दा झन् पढाइमा धेरै ध्यान केन्द्रित हुने उनको भनाइ छ ।

# नेपालमा बेरूजुको अवस्था ... .. . .

निजामति ऐन बन्न सकेन। कर्मचारी व्यवस्थापन राम्रोसँग हुन सकेन। संघीयता कार्यान्वयनमा समेत समस्या रह्यो। संघ, प्रदेश स्थानीय तह बीचको समन्वय राम्रो हुन सकेन। कामको व्यवस्थापन राम्रोसँग हुन सकेन। वित्तीय अनुगमन र नियमन राम्रोसँग हुन सकेन। यस्ता खालका कुराहरू हामीले प्रष्टसँग देखाइदिएका छौं।

### बक्यौता फर्छ्यौट:

महालेखाले सबैलाई समयमा नै र कम भुक्तानी गर्न सबैलाई छलफल गर्ने गरेको छ। त्यस्तै बक्यौता रकम उठाउनको लागि यो वर्षको स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगमार्फत निर्वाचन आचार संहिता लागू हुँदा स्थानीय तहको पदाधिकारी उम्मेद्वारले विगतको राज्यलाई तिर्नपर्ने बाँकी कुनै पैसा, पेस्की वा महालेखा परीक्षकले देखाएको बेरूजु बाँकी छ भने त्यस्तो रकम तिरेर मात्रै उम्मेद्वार हुन पाउँछ भनेपछि धेरै चर्चा भएको थियो। धेरैले पैसा पनि तिर्नुभयो।

अब प्रदेश र संघीय प्रतिनिधि सभाको निर्वाचन हुन्छ त्यो बेला पनि यस्तो खालको योजना बनाउन सक्यो भने व्यक्तिगत रूपमा रहेको बक्यौता रकम फर्स्योट हुन्छ। निर्वाचन आयोगसँग कुरा भएको छ। स्थानीय तहका नयाँ नेतृत्वलाई बेरूजुको विषयमा विगतमा यस्तो भएको छ। त्यो प्रतिवेदन हेरेर सुधार गर्न आग्रह गरिएको छ।

### वैदेशिक सहायता र बजेट प्रणालीबाहिरको खर्च अवस्था:

महालेखाले प्रत्येक वर्ष वैदेशिक सहायता बजेटमार्फत र बाहिरबाट नै यति खर्च हुन्छ भनेर छुट्याउने गरेको छ। नेपालको बजेट भन्दा बाहिरबाट ४ सय २० मिलियन डलर बजेट प्रणाली भन्दा बाहिरबाट खर्च हुने गरेको देखिन्छ। अर्को बजेटमा आएको तर स्रस्टाहरू नआएको पनि छ। अर्को वस्तुगत सहायता आएको हुन्छ। कतिपय वैदेशिक सहायताहरूले छुट्टै लेखापरीक्षण गराउने गरी लेखापरीक्षक राखिएको हुँदो रहेछ। त्यसलाई हामीले मानेका छैनौं। महालेखामा नै अडिट गराउनुपर्छ भनेका छौं।

धेरैले हाम्रो अडिट भयो भनेर आउने गरे पनि मान्ने गरेका छैनौं। त्यो अडिट गर्न बाँकी भनेर राख्छौं। अहिले जतिपनि वैदेशिक सहायता बजेट भन्दा बाहिर भन्ने छ। त्यसलाई बजेट भित्र पार्नको लागि पनि सुझावहरू दिएका छौं। अहिले महालेखाले नै अडिट गरिदिन वैदेशिक निकायले माग गर्नुभएको छ। मुख्य कुरा लेखा प्रणालीमा आउनुपऱ्यो र अडिटमा जानुपऱ्यो। यो प्रक्रिया जारी छ।

### एमसीसीको अडिटमा समस्या छैन:

एमसीसीको विषयमा महालेखाले लेखापरीक्षण गर्ने कुरामा कुनै अन्योल थिएन। अघिल्लो वर्षको प्रतिवेदनमा एमसीसीको विषयमा डिटेलमा लेखिएको छ। एमसीसीको अडिट पनि तेस्रो वर्ष भयो महालेखाले गरेको छ। एमसीसीले आफ्नो तरिकाले लेखापरीक्षण गर्ने गरिएको होला त्यसमा हामीसँग सरोकार भएन तर हाम्रो राज्यको लागि हाम्रो अडिट प्रणालीमा जसरी गर्नुपर्ने हो। त्यो हामी आफैँले गर्छौं। एमसीसीको अडिट गर्ने कुरामा कुनै समस्या र दुविधा केही पनि छैन।

### सुझाव:

यो वर्ष ३० वटा विषयमा सरकारलाई सुझाव दिएका छौं। अर्थतन्त्र योजना बजेट सम्बन्धमा,आत्मनिर्भर अर्थतन्त्र निर्माण सम्बन्धमा,दिगो विकासको लक्ष्यमा, बजेट व्यवस्थापन, आयोजना व्यवस्थापनमा, वैदेशिक लगानी, राजस्व परिचालन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपभोग सम्बन्धमा, खर्च व्यवस्थापन नियन्त्रणका सम्बन्धमा, सार्वजनिक खरिद व्यवस्थापन,अनुदान वितरण संघ,प्रदेश र स्थानीय तहमा निकै समस्या देखिएको छ।

सबैबाट अनुदान वितरण भएको छ। तर अनुगमन राम्रो नभएको पाइएको छ। व्यक्तिगत रूपमा कसैलाई अनुदान दिन हुँदैन। संस्थागत दिँदा पनि चार/पाँच कुराको ग्यारेन्टी हुनुपर्छ। अनुदानबापत राज्यलाई के फाइदा हुन्छ। त्यो हेर्नुपर्छ।

*(महालेखापरीक्षक शर्मासँग न्युज एजेन्सी नेपालले गरेको कुराकानीमा आधारित सामाग्री हामीले प्रकाशन गरेका हौं)*






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
कार्यालयः थाहा-४ सम्पर्क नं. ९८०७५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# दामनमा पाँच हजार किलो स्याउ उत्पादन



◆ विकास संवाददाता

थाहा नगरपालिकास्थित दामनमा रहेको शितोष्ण बागवानी केन्द्रले स्याउको बिरूवा पनि उत्पादन गरेको छ। बागवानीमा फुजी, गाला, रेड डेलिसियस, गोल्डेन डेलिसियस स्याउको नयाँ र पुराना गरेर करिब पाँच हेक्टर जमिनमा ५७५ स्याउका बोट रहेको जनाइएको छ ।

बागवानी प्रमुख रवि केसीले ती बोटबाट यस वर्ष करिब पाँच हजार किलो स्याउ उत्पादन भएको बताए। स्याउ उत्पादनभन्दा पनि बिरूवा उत्पादन गरेर किसानबाट स्याउको उत्पादन गराउनु लक्ष्य रहेको उनले जानकारी दिए। उनका अनुसार हिउँदमा हिमपात राम्रो भएमा उत्पादन राम्रो हुनसक्ने र हिमपात नभएमा उत्पादनमा ह्रास आउँछ ।

स्याउ राम्रो फलाउनका लागि थोरै जमिनमा धेरै बिरूवा लगाउने प्रविधि अपनाएर स्याउको बिरूवा रोपिएको प्रमुख केसीले बताए। राम्रो उत्पादनका लागि हिमाली जिल्लाहरूमा मात्र रोप्न सकिने अथवा समुद्री सतहदेखि दुई हजारदेखि चार हजार मिटर उचाइमा हिमपात हुने स्थानमा राम्रोसँग उत्पादन दिन सक्ने उनले जनाए ।

बागवानीले हालसम्म वार्षिक पाँच हजार स्याउको बिरूवा किसानलाई वितरण गर्नका लागि उत्पादन गर्दै आएको उनको भनाइ छ । स्याउलगायत अन्य फलफूलका बिरूवा उत्पादनका लागि वार्षिक रू १० लाख लागत लाग्ने प्रमुख केसीले जानकारी दिए । स्याउका बिरूवामा फूल खेल्ने मौसम असिना पर्ने भएकाले असिनाबाट जोगाउन जाली लगाइएको प्रमुख केसीले बताए ।

स्याउ फूल खेलेपछि फल पाक्न पाँच महिना लाग्ने र फूल खेल्ने समयमा हिमपात धेरै भएमा फल राम्रो हुने उनले जनाए। विसं २०५० देखि नै परीक्षणको लागि स्याउको बिरूवा लगाएको बताउँदै उनले ईटाली, साइप्रस र बेल्जियमबाट आयात गरेको उच्चतम जातका स्याउ विसं २०७३ मा बागबानीले आफ्नो बगानमा परीक्षणको निम्ति ल्याएको प्रमुख केसीले बताए । बिरूवा लगाएको पहिलो वर्षमा नै यी जातका स्याउका बोटमा फल लागेको उनले जानकारी दिए ।

> एउटा बोटमा करिब १० केजीसम्म फल फल्ने र यी जातका स्याउको बिरुवाको औसत आयु २० देखि २५ वर्षकोसम्म हुने गर्दछ ।

एउटा बोटमा करिब १० केजीसम्म फल फल्ने र यी जातका स्याउको बिरूवाको औसत आयु २० देखि २५ वर्षकोसम्म हुने उनको भनाइ रहेको छ। यसका अतिरिक्त सो बागबानी केन्द्रमा धेरै ब्लक बनाइ अनेकौं जातका जापानी नासपाती, आरू, हलुवाबेद, कटुस, दाँते ओखर, आरू बखडा, आरू, फुल मात्र फूल्ने आरू र किबिका बिरूवा पनि रहेको बागबानीले जनाएको छ ।

हाल यहाँ सो बागवानीमा अत्यधिक बिरूवाहरूको माग भइरहेको बागवानी केन्द्र दामनले जानकारी दिएको छ। किसानलाई वितरणको लागि बागबानीले करिब २० हजार जति फलफूलका बेर्ना बनाइएको बताइएको छ। यसबाहेक यहाँ मौसम अनुसारका कत्रिम विषादीरहित तरकारीको उत्पादन अनि शपथ दरमा बिक्रीवितरण पनि हुने गरेको बागनीले जनाएको छ ।

आलुको बीउ, फलफूल, तरकारी, बेर्ना बिक्रीवितरणबाट यस बागवानी फार्मले प्रत्येक वर्ष २० देखि २५ लाखसम्म राजस्व संकलन गर्ने गरेको तथ्याङ्कमा उल्लेख छ । समुद्री सतहदेखि सात हजार ६२० फिट उचाइमा रहेको थाहा -४ दामनमा पर्ने क्षेत्रफलका हिसाबले नेपालको सबैभन्दा ठूलो शितोष्ण बागवानी फार्म तथा नर्सरी केन्द्र (७६ हेक्टर वर्ग किमी) को स्थापना विसं २०२२ मा भएको थियो ।

## महालेखा प्रतिवेदन भन्छ– 'मनहरीमा फरक रसिद प्रयोग भो, छानबिन गर्नुपर्छ'

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकामा नदजिन्य पदार्थ विक्रि गर्ने ठेकेदारले पालिकाबाट प्रमाणित भएको रसिद भन्दा फरक रसिद प्रयोग गरेकोमा छानविन गर्नुपर्ने महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनले औल्याएको छ । महालेखा परीक्षकको ५९ औं प्रतिवेदनमा फरक रसिद प्रयोग गरी राजश्व छली भएको सम्बन्धमा छानविन गर्नुपर्ने भनिएको छ ।

त्यस्तै मनहरी गाउँपालिकाकाले नदीजन्य पदार्थको ठेक्का लागत अनुमान स्वीकृत पश्चात् १५ प्रतिशत ओभरहेड घटाई कबोल अंक कायम गरेकोमा कानुनी आधार नदेखिएको प्रतिवेदनमा उल्लेख छ ।

नदीजन्य पदार्थको उक्त ओभरहेड घटाइएकोमा छानविन गरी न्यून लागत अनुमान तयार गर्नेलाई समेत जिम्मेवार बनाई घटाइएको रकम असुल गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

## लिजामा आफै मुल्याङ्कनकर्ता, प्रमुख प्रशासकीय अधिकृतले २ लाख २९ लिए

◆ विकास संवाददाता

धादिङको निलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तह संस्थागत स्वमूल्याङ्कन (लिजा) को मुल्याङ्कन गरे वापत २ लाख २९ हजार रूपियाँ सेवा शुल्क लिएका छन् ।

बागमती प्रदेशमै ९३ अंकसहित प्रथम भएको निलकण्ठ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले सेवा शुल्क लिएका हुन् । लिएको उक्त रकम असुल्न भनिएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७७/०७८ को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा यस्तो उल्लेख भएको हो । बाह्यि मूल्याङ्कनकर्ताबाट मुल्याङ्कन गराउनु पर्नेमा निलकण्ठका प्रमुख प्रशासकीय अधिकृत आफैले मूल्याङ्कन गरेको प्रतिवेदनमा उल्लेख छ ।

आफ्नो पालिका प्रथम हुनका लागि स्वमुल्याङ्कनका लागि मुल्याङ्कन वर्षको प्रमाण नभई आर्थिक वर्ष २०७६/०७७ को विवरण देखाएर अंक प्रदान गरिएको समेत प्रतिवेदनमा लेखिएको छ । महालेखाले मुलयाङ्कन नतिजामा विश्वसनियता नभएको भनेको छ ।

# बागमती प्रदेशमा ७० वटा विधेयक पारित

◆ विकास संवाददाता

बागमती प्रदेश प्रदेशसभाले विगत साढे चार वर्षको अवधिमा ७० वटा विधेयक पारित गरेको छ । सो सभाबाट मूल विधेयक ५५ वटा तथा संशोधन विधेयक १५ वटा गरी कूल ७० वटा विधेयक पारित भएको सभामुख सानुकुमार श्रेष्ठले जानकारी दिएको छ ।

त्यसैगरी ६६ वटा विधेयक प्रदेश प्रमुखबाट प्रमाणित भइसकेको उनले भनेको छ । प्रदेशसभाबाट वटा अध्यादेश पारित गरेको तथा तीन वटा विधेयक विविध कारणले स्वीकृत हुन नसकेको बताइएको छ । संघीय सरकारले कतिपय ऐन नबनाउँदा प्रदेश सरकारले चाहेर पनि आवश्यक ऐन बनाउन नसकेको उनको गुनासो रहेको छ । प्रदेशसभाको वैठक हालसम्म दुई सय ८८ घण्टा २० मिनेट बसेको सो प्रदेशसभाले जनाएको छ ।

त्यसैगरी हालसम्म प्रदेशसभामा ११ वटा शुन्य समय तथा २९ वटा विशेष समयको कार्यक्रम राखिएको बताइएको छ । मूलतः नीति कार्यक्रम र बजेट निर्माणमा केन्द्रित रहेको प्रदेशसभाको दशौं अधिवेशनमा मूल विधेयक तीन वटा र संशोधन विधेयक तीन वटा तथा अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक एक वटा पारित भएको सभामुख श्रेष्ठले बताए ।

यस्तै तीन वटा प्रतिस्थापन विधेयक पारित हुन नसकेको बताइएको छ ।

# दुई पालिकाका विपन्न परिवारलाई बाख्रा सहयोग



◆ विकास संवाददाता

मानव बेचबिखन रोकथाम तथा सुरक्षित स्थानागमन प्रर्वद्धन परियोजना अन्तर्गत् मकवानपुरको विकट राक्सिराङ र बागमती गाउँपालिकाको महिलाहरूलाई बाख्रा सहयोग गरिएको छ ।

नारी सीप सृजना केन्द्र हेटौंडाले महिलाहरूलाई स्वरोजगार बनाउने उद्देश्यले बाख्रा वितरण गरेको हो । परियोजना सञ्चालित वडाहरूको छलफल केन्द्रमा आबद्ध महिलाहरूलाई बाख्रा वितरण गरिएको केन्द्रका कार्यकारी निर्देशक चिरञ्जिवी पौडेलले जानकारी दिए । एडब्लुआ इन्टरनेशनलको आर्थिक सहयोगमा नारी सीप सृजना केन्द्रले र ाक्सिराङमा ३४ वटा र बागमतीमा ५२ वटा गरी ८६ वटा बाख्रा बितरण गरेको हो । बागमती गाउँपालिका ३ नम्बर वडाका वडाध्यक्ष कमान सिं पाख्रिन (पृथकले) महिलाहरूलाई बाख्रा हस्तान्तरण गरेका थिए ।

अध्यक्ष पाख्रिनले महिलाहरूलाई सचेतनासँगै सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रममा सहभागी गराएको भन्दै धन्यवाद दिए । महिलाहरूलाई आयआर्जनमा जोड्न बाख्रा बंगुर तथा कृषि सामग्रीहरू हस्तान्तरण गर्दै आइरहेको भन्दै संस्थालाई यस कार्यको निरन्तरताका लागि आग्रह गरे । महिलाहरू आत्मनिर्भर बन्नुपर्ने भन्दै सरकार देखि निजी क्षेत्रले आयआर्जनका लागि उपायको खोजीसँग अबसर प्रदान गर्नुपर्नेमा वडाध्यक्ष पाख्रिनको भनाई थियो । संस्थाकी अध्यक्ष सरस्वती बर्तौलाले महिलाहरूलाई स्थानीय तहमै स्वरोजगार बनाउन सीप विकास, प्रविधि, कृषि सामग्री दिएर र आर्थिक रूपमा सबलिकरण गर ाउन बंगुर र बाख्रा वितरण गरिएको जानकारी दिइन् ।

कार्यक्रममा बागमती गाउँपालिकाको निमित्त प्रमुख प्रशासकीय अधिकृत झम्क नारायण घलान, पशु शाखा अधिकृत राजेन्द्र गोले, प्रशासन शाखाका नवीन मुक्तान, संस्थाका कार्यकारी निर्देशक पौडेल, परियोजना संयोजक ज्योति भोम्जनलगायतको उपस्थिति थियो । संस्थाले यसअघि राक्सिराङ गाउँपालिकाको १ र ४ नम्बर वडाका आठ/आठ जनालाई, बागमती गाउँपालिकाको ३ नम्बर वडाका २५ जनालाई दुई/दुई वटा बाख्रा र ब्याडका लागि बोयर जातका बोका बितरण गरेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहा १० मा व्यवसायिक कृषि सम्बन्धी तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर १० को आयोजनामा किसानहरूका लागि व्यवसायिक कृषि सम्बन्धी चारदिने तालिम सकिएको छ । तालिम ५ देखि ८ साउनसम्म नाटेश्वर मावि टौखेलमा संचालन भएको हो । वडा कार्यालयको आर्थिक सहयोगमा भएको तालिममा १० नम्बर वडाका अगुवा तथा व्यवसायिक तरकारी खेती गरिरहेका किसानहरूको सहभागिता रहेको थियो ।



थाहानगरको चित्लाङ्मा क्रियाशील स्वच्छन्द साना किसान कृषि सहकारी संस्था लिमिटेडको समेत सहयोगमा संचालन भएको तालिममा वडाका ३५ जना किसानहरूको सहभागिता रहेको थियो । वडा नम्बर १० की कृषि प्राविधिक कमला सुवेदीले संयोजन गरेकी तालिमका सहभागीहरूलाई किसान केयरका राजीव रमण न्यौपानेले प्रशिक्षण दिएका थिए । तालिम समापन कार्यक्रम १० नम्बर वडाध्यक्ष हिरा बहादुर गमालको विशेष उपस्थितीमा भएको थियो । कार्यक्रममा सहभागीहरूले तालिम निकै प्रभावकारी भएको बताए । उनीहरूले यस किसिमको तालिम संचालन गरेकोमा वडा कार्यालयलाई धन्यवाद दिए । सहभागीहरूले तालिममा सिकेको कुरालाई व्यवहारमा उतार्ने प्रतिवद्धता जनाउँदै यस किसिमको तालिम आयोजनालाई निरन्तरता दिन वडा कार्यालयलाई अनुरोध गरेका छन् ।

व्यसायिक रूपमा तरकारी खेती गरिरहेका किसानहरूका लागि प्रयोगात्मक अभ्याससहित भएको तालिममा वडा नम्बर १० का वडा सदस्यहरू उत्तम गोपाली, सर्मिला बस्नेत, स्वच्छन्द साना किसान कृषि सहकारी संस्था लिमिटेडकी व्यवस्थापक शुक्ला गोपाली, कृषि प्राविधिक कमला सुवेदी, जनप्रतिनीधिहरू तथा किसानहरूको सहभागिता रहेको थियो ।

तालिम समापनको अवसरमा सहभागीहरूलाई वडा अध्यक्ष गमालले प्रमाणपत्र वितरण गरेका थिए ।

# थाहानगरमा बाल भेला: 'योजना निर्माणमा बाल सहभागिताको उदाहरण'

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको आयोजनामा बाल भेला भएको छ । नगरपालिकाको महिला तथा बालबालिका शाखाको आयोजना र सुनौलो सामुदायिक सिकाई केन्द्र थाहा-१ को समन्वयमा भेला भएको हो ।

भेलामा नगर बाल सञ्जाल, वडा स्तरीय बाल क्लब, विद्यालयमा गठित बालक्लवहरूका पदाधिकारीहरूको सहभागितामा शिखरकोटको विकास घरमा भेला भएको हो । भेला थाहानगर प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यमा भएको हो ।

कार्यक्रममा थाहा नगरपालिकाको नीति तथा कार्यक्रममा बालवालिकाहरूको आवाज सम्बोधन होस् भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । भेलाबाट थाहा नगरपालिकामा गर्न सकिने योजनाका विषयमा छलफल तथा योजना निर्माण भएको छ । भेलाका अवसरमा बालबालिकाहरूले विभिन्न चार समूह बनाई योजना टिपोट गरेका थिए । समूहबाट छनोटमा परेका योजनाहरूको प्राथमिकता समेत सहभागीहरूले गरेका थिए । सहभागी बालबालिकाहरूले बालकेन्द्रित योजना छनोट गरेका छन् । बालबालिकाले छनोट गरेको योजनालाई कार्यान्वयन गर्न नगरपालिकालाई अनुरोध गरेका छन् ।

कार्यक्रममा थाहा नगरपालिका शिक्षा शाखा प्रमुख शोभाकर रेग्मीले कार्यक्रमबाट माग भएका बाल आवाजलाई कार्यान्वयनको लागि आफ्नो तर्फवाट सम्बोधन गर्न कार्यपालिकालाई अनुरोध प्रतिवद्धता व्यक्त गरे । जनकल्याण मा.वि. का प्रधानाध्यापक सानोभाई कार्कीले बालबालिकाहरूवाट प्रस्तुत माग तथा अवधारणा विचारणीय, सोचनिय र मननिय रहेकोले अभिव्यक्त गर्दै सम्वन्धित निकायवाट यसको कार्यान्वयन गर्नुपर्ने बताए । बालबालिकाहरूका लागि नीति निर्माण भइरहँदा बालबालिकाककै आवाज उत्थान हुने गरि कार्यक्रम गरिनु सान्दर्भिक भएको कुरा बज्रवाराही मा.विं का प्रधानाध्यापक रमेशमान डंगोलले बताए ।

कार्यक्रममा वडा अध्यक्ष हिरेन्द्र रायमाझी, नारायण लामा, शिक्षा शाखा अधिकृत माधव विक्रम मल्ल, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, सुचना अधिकारी सुरज कुमार भुजेल, इन्द्रायणी मा.वि.का प्रधानाध्यपक नारायण बहादुर कार्की, सरस्वती मा.वि.का प्रधानाध्यापक राजेन्द्र थापालगायतकाको उपस्थिति रहेको थियो ।

# थाहानगरमा कैलाश गाउँपालिकाको सिकाई भ्रमण

◆ विकास संवाददाता

मकवानपुर कैलाश गाउँपालिकाका जनप्रतिनीधि तथा कर्मचारीहरूको टोलीले जिल्लाकै थाहा नगरपालिकामा सिकाई भ्रमण गरेका छन् । पालिका-पालिकाबीच सिकाई आर्दान प्रदान गर्ने उद्देश्यले भ्रमण गरिएको कैलाश गाउँपालिका अध्यक्ष लोक बहादुर मुक्तानले बताए ।

भ्रमण टोलीलाई थाहा नगरपालिकाका नगर प्रमुख विष्णु विष्ट तथा उपप्रमुख भरत गोपालीले स्वागत गरेका थिए । भ्रमण टोली र थाहा नगरपालिकाका जनप्रतिनीधि तथा कर्मचारीबीच अन्तरक्रियात्मक छलफल समेत भएको थियो । थाहाको तर्फबाट सूचना अधिकारी सुरजकुमार भुजेलले पालिकाले संचालन गरेको असल अभ्यासको विषयमा प्रस्तुतिकरण गरेका थिए ।



कार्यक्रममा कैलाश गाउँपालिकाका जनप्रतिनीधि तथा कर्मचारीहरूले पालिकामा सूचना प्रविधिको प्रयोग, उपलब्धी, योजना कार्यान्वयन र सफलता, आर्थिक व्यवस्थापन, विषयगत शाखाहरूको काम कारबाही र समग्र पालिकाको उपलब्धी हासिल गर्न भएको प्रयासका विषयमा जिज्ञासा राखेका थिए । सहभागीहरूको जिज्ञासामा, कृषि विकास शाखा प्रमुख संजय तिवारी, प्राविधिक शाखा प्रमुख इन्जिनियर सन्तोष बोहरा, आर्थिक प्रशासन शाखाकी नमुना कौशिक, शिक्षा शाखाका शाखा अधिकृत माधव विक्रम मल्ल तथा सूचना अधिकारी भुजेलले प्रष्ट्याएका थिए ।

थाहा नगरपालिका शिक्षा शाखाका माधव विक्रम मल्लले सहजीकरण गरेको कार्यक्रममा कैलाश गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाइले कैलाशमा पूर्वाधार विकासको साथै बालमैत्री सथानीय साशन अवलम्बनमा काम गरिरहेको बताए । उनले भौतिक पूर्वाधार विकासका साथै सामाजिक क्षेत्रको विकासका काम गर्नुपर्ने औल्याए । पालिका अध्यक्ष लोक बहादुर मुक्तानले नागरिकको माग सडक पूर्वाधार नै रहेको बताउँदै विपन्न नागरिक केन्द्रित तथा शिक्षा र स्वास्थ्यका कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढाइरहेको बताए । पालिकाले २ वटा एम्बुलेन्स संचालन गरिरहेको बताउँदै प्रसुति सेवालाई एम्बुलेन्स निःशुल्क गरिएको बताए । उनले थाहानगरसंग सिकाइ आर्दानप्रदान मात्र नभई सहकार्य गर्न सकिने कुरामा संगै अघि बढ्ने धारणा राखे । कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रमुख विष्णु विष्टले नीतिगत रूपमै प्रष्ट भएर काम गरे सबैको साथ र सहयोग भई उपलब्धी हासिल गर्न सकिने बताए । सम्पूर्ण योजनाहरू सफल रूपले सम्पन्न गर्नका लागि योजना तर्जुमा देखि नै योजनावद्ध रूपमा काम गर्नुपर्ने बताए । थाहा नगरपालिकाले वर्षैपिच्छे योजना कार्यान्वयन तालिका बनाएर काम गरिरहेको कार्यक्रममा प्रष्ट्याए ।

अन्तरक्रियात्मक कार्यक्रममा कैलाश गाउँपालिकाका उपाध्यक्ष बालकुमार मल्ल ठकुरी, आर्थिक प्रशासन शाखा प्रमुख नविन धिताल, सूचना प्रविधि अधिकृत प्रकाश राई, शिक्षा अधिकृत सुर्य बहादुर थिङलगायतको सहभागिता रहेको थियो भने थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपाली, स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, प्रशासन शाखा प्रमुख उमेश श्रेष्ठ, महिला तथा बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तान, सूचना प्रविधि अधिकृत भगिरथ कार्की, आन्तरिक लेखा परीक्षण शाखा प्रमुख सन्दीप पौडेल, योजना शाखा प्रमुख प्रकाश कुमार लामालगायतका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको अवसरमा थाहा नगरपालिका प्रमुख विष्टले कैलाश गाउँपालिकाको लागि पालिका अध्यक्ष्ज्ञ मुक्तानलाई मायाँको चीनो प्रदान गरे । मायाँको चीनो प्रदान गर्दै प्रमुख विष्टले पूर्वाधार विकास तथा विषयगत तथा सामाजिक क्षेत्रका कार्यक्रमहरूमा दुई पालिकाबीचको सहकार्यको प्रतिवद्धता व्यक्त गरे ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## कोभिड-१९ को जोखिम पुःन देखा परेको छ

यसबाट बच्ने र बचाउन,

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तीमा २ मिटरको दुरी कायम राखौं ।
- समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँयु गर्दा नाक मुख छोप्ने गरौं ।
- आफू बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहोरदोहोर नगर्ने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड-१९ विरुद्ध खोप लगायत बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा अरुलाई गर्न नदिनको लागि समयमा नै परीक्षण गरौं ।

समयमा नै सतर्क र सचेत बनौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना


जेष्ठ नागरिक एकल महिला अशक्त/अपाङ्ग


लोपोन्मुख जाति बालबालिका

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गतेदेखि २०७९ भाद्र मसान्तसम्म आफ्नो स्थायी ठेगाना रहेको वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई अनिवार्य रुपमा परिचयपत्र नवीकरण गरौं

**तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन ।**

**थाहा नगरपालिका**
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर मकवानपुर



## नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा


बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।



बालविवाह कानूनी रुपमा दण्डनीय छ । कानूनको पालना गरौं गराऔं ।


बालविवाह अन्त्य गरौं ।


बालविवाह गरी शिक्षाबाट वञ्चित नहोऔं ।


बालविवाह गरी घरेलु हिंसामा नफसौं ।


बालविवाहका कारण कम उमेरमा गर्भवती भई स्वास्थ्यलाई जोखिममा नपारौं ।

"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।

**थाहा नगरपालिका**
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी